SIKKIM

GOVERNMENT GAZETTE

EXTRAORDINARY
PUBLISHED BY AUTHORITY

Gangtok | **Monday 14th July 2025** | **No. 291**

GOVERNMENT OF SIKKIM
RURAL DEVELOPMENT DEPARTMENT
TASHILING, GANGTOK 737101

No: 32/RDD/24-25 **Date: 21.02.2024**

NOTIFICATION

Whereas, the draft of the Sikkim Mahatma Gandhi National Rural Employment Guarantee (Unemployment Allowance) Rules, 2024 was published as required by sub-section (I) of section 32 of the Mahatma Gandhi National Rural Employment Guarantee Act, 2005 (Central Act 42 of 2005) in the Sikkim Government Gazette Extra Ordinary No. 508 dated 30.11.24 under the notification of Government in the Rural Development Department No. 32/RDD/2024-25 dated 21.2.24 inviting objections and suggestions from all persons likely to be affected thereby before the expiry of 45 (forty five) days on which the said Notification as published in the Sikkim Government Gazette were made available to the public;

And whereas, the copies of the said Notification were made available to the public on 30.11.2024;

And whereas, no objections and suggestions were received on the said draft rules from any persons likely to be affected thereby;

Now therefore, in exercise of the powers conferred by sub-section (1) of section 32 of the National Rural Employment Guarantee Act, 2005, the State Government hereby makes the following rules, namely :-

CHAPTER 1

PRELIMINARY

Short title, extent and commencement.

1. *(1)* These rules may be called the Sikkim Mahatma Gandhi National Rural Employment Guarantee Scheme (Unemployment Allowance) Rules, 2025.

(2) They shall extend to all the rural areas of Sikkim.

(3) They shall come into force on the date of their publication in the Official Gazette.

Definitions.

2. (1) In these rules, unless the context otherwise requires,-

(a) **"Act"** means the Mahatma Gandhi National Rural Employment Guarantee Act, 2005 (Central Act 42 of 2005);

(b) **"Block"** means a community development area within a District comprising of a group of Gram Panchayats;

(c) **"Central Rules"** means the rules framed by the Government of India under the Act;

(d) **"District Programme Coordinator"** means the Additional District Collector (Development.) designated for implementation of the Scheme in the district by the State Government ;

(e) **"Programme Officer"** means the Block Development Officer(BDO) designated as the Programme Officer for implementing the Scheme at the Block level;

(f) **"Rules"** means Sikkim Mahatma Gandhi National Rural Employment Guarantee Scheme (Unemployment Allowances Rules), 2024;

(g) **"State Cell"** means the NREGA Cell constituted under the Mahatma Gandhi National Rural Employment Guarantee Act, 2005 (Central Act 42 of 2005) by the Government of Sikkim;

(h) **"Wage rate for Unskilled Workers"** means the daily wage rate fixed by the Central Government from time to time for unskilled workers working under the Mahatma Gandhi National Rural Employment Guarantee Scheme.

2. The words and expressions used but not defined in these rules and defined in the Act shall have the same meaning respectively assigned to them in the Act

Eligibility to receive Unemployment Allowance. -

3. (1) A person who is registered under the scheme and who has given a letter seeking employment to the Programme Officer shall be entitled to receive a daily unemployment allowance at the rate of one-fourth of the wage rate for unskilled worker for

the first 30 (thirty) days during the financial year and not less than one-half of the wage rate for unskilled workers for the remaining period of the financial year:

Provided that the applicant for employment shall be able to furnish, if necessary, the receipt issued with the date of acknowledgement of the oral or written application for employment made through any of the means indicated in entry 8 of the Schedule I of the Act which shall be registered at the Gram Panchayat along with an entry in the Computer/ Management Information System.

(2) The liability of the State Government to pay unemployment allowance to a household during any financial year shall cease in certain circumstances in tune with the provisions of the sub-section (3) of section 7 of the Act.

(3) Disentitlement to receive unemployment allowance in certain circumstances shall follow the provisions laid down in section 9 of the Act.

(4) The Programme Officer can reject the payment of unemployment allowance only on grounds of force majeure.

Procedure for payment of Unemployment Allowance.

4. (1) A person who has not been provided employment and is entitled to claim Unemployment Allowance shall make an application in Form No. I to the Programme Officer on the next day of the fifteenth day from which he/she has applied for the job or from the date on which the employment has been sought in the case of an advanced petition, whichever is later.

(2) A copy of the acknowledgement/receipt issued in Form No.2 while handing over the application seeking employment shall be attached along with the application for unemployment allowance.

(3) On receipt of the application, the Programme Officer shall verify the claim made by the applicant and certify the actual days for which unemployment allowance has to be paid, after a thorough cross verification of the Job Card Register, Employment Register, Management Information System of the Mahatma Gandhi National Rural Employment Guarantee Scheme and Muster Rolls. If he is satisfied that the applicant had duly submitted application for employment under the scheme but was not provided the job within the prescribed time limit as envisaged in sub –section (I) of the section 7 of the Act and that the applicant is entitled for payment of unemployment allowance, he shall issue appropriate orders based on the merits of the claim for payment of the unemployment allowance to be paid to the applicant. The orders shall be communicated to the applicant seeking unemployment allowance and also to the person/ persons responsible for creating the liability leading to the payment of unemployment allowance.

(4) The unemployment allowance payable shall be classified into 2 (two) levels, District level and the Block level. The unemployment allowance will be paid by the respective level due to which the unemployment has been generated:

Provided that no cash payments shall be permitted and that the District Programme Coordinator and Programme Officer shall not make payment of unemployment allowance out of the fund received from the Central or State Government meant for the implementation of the Scheme.

(5) If the Programme Officer rejects the demand for unemployment allowances, he shall record the reasons for rejecting the same and intimate the same to applicant in writing.

(6) The Programme Officer while making payment of unemployment allowances to eligible applicants shall do in the manner as directed by the State Government.

(7) The Programme Officer shall submit the monthly statement in the register to the District Programme Coordinator regarding the payment of unemployment allowance made by him.

Appeals.

5. (1) Any person aggrieved by the order of the Programme Officer may file an appeal in writing in Form No. 3 within 30 (thirty) days of the receipt of such order to the District Programme Coordinator and such appeal shall be disposed off within a period of 15 (fifteen) days by him after conducting a summary enquiry.

(2) Recoveries, if any, from whomsoever concerned, consequent to the order of the appellate authority, shall be effected by the Programme Officer by recovering the amount in whole or in equal monthly instalments from the salary in the case of permanent employees or from the wage in the case of contract employees at the rate fixed by the Programme Officer by initiating revenue recovery process.

***

Form No.1

(See sub rule (1) of rule 4)

APPLICATION FOR UNEMPLOYMENT ALLOWANCE

The Mahatma Gandhi National Rural Employment Guarantee Scheme Unemployment Allowance Rules, 2023.

Name of the Gram Panchayat :

Name of Block **Application No. ...../Year.....**

Sl. No.	Particulars	Details
1.	Name	
2.	Address	
3.	Job Card No.	
4.	Aadhar No.	
5.	Name of the Bank in which account opened with Ac. No.	
6.	No. of days of job received during the year	
7.	Amount received in the bank account as Unskilled wages	
8.	Date on which job demanded	
9.	No of days of job demanded	
10.	Whether dated receipt issued for job demanded attached	Yes / No
11.	If no, reasons thereof	
12.	Award of the Programme Officer with Signature{Rule 4(III)} (To be prepared in duplicate –one copy to be served to the applicant)*If allowance is awarded mention whether Government or the individual is liable to pay as per rule 4(IV) of the Rules*	

Place :

Date : Name and Signature of the Applicant

Form No. 2

(See sub- rule (2) of rule 4)

ACKNOWLEDGEMENT RECEIPT OF THE APPLICATION FOR JOB

The Mahatma Gandhi National Rural Employment Guarantee Scheme Unemployment Rules, 2023

Name of Gram Panchayat :

Name of Block :

Application for work is received from Shri/Smt. .....

s/o/w/o..... residing (address).....

Gram Panchayat..... whose Job Card number is.....

on .....(dd/mm/yy)

Date:

Signature of the Gram Panchayat

Form No.3

(See rule 5)

APPLICATION FOR FILING APPEAL BEFORE THE DISTRICT PROGRAMME CO-ORDINATOR

The Mahatma Gandhi National Rural Employment Guarantee Scheme Unemployment Allowance Rules, 2023

Name of Gram Panchayat :

Name of Block : **Appeal No...../Year.....**

Sl. No.	Particulars	Details
1.	Name	
2.	Address	
3.	Job Card No.	
4.	Date on which application for unemployment allowance filed	
5.	Whether copy of the award	
6.	Justification for filing the Appeal	
7.	Findings of the District Programme Coordinator	

Place :

Date : Signature of the Officer

सिक्किम

सरकारी राजपत्र

असाधारण
प्राधिकरणद्वारा प्रकाशित

गान्तोक | सोमबार, १४ जुलाई, २०२५ | सं.२९१

ग्रामीण विकास विभाग
सिक्किम सरकार
टाशिलिङ, गान्तोक -७३७१०१

संख्या: ३२/ग्रा.वि.वि/२०२४-२५ **मिति: २१.०२.२०२५**

अधिसूचना

जबकि, महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन, २००५ (केन्द्रीय ऐन संख्या २००५ को ४२) को धारा-३२ को उपधारा (१) बमोजिम आवश्यकता अनुसार, सिक्किम महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति (बेरोजगारी भत्ता) नियमावली, २०२४ को मस्यौदा सिक्किम सरकारी राजपत्र, असाधारण, अंक ५०८, मिति ३०.११.२०२४ मा ग्रामीण विकास विभाग, सिक्किमसरकारद्वारा जारी सूचना संख्या. ३२/ग्रा.वि.वि./२०२४-२५ मिति २१.२.२०२४ अन्तर्गत प्रकाशित गरिएको थियो, जसमा सो नियमावलीबाट प्रभावित हुनसक्ने सबै व्यक्तिहरूबाट ४५ (पैंतालीस) दिनभित्र आपत्ति वा सुझाउ माग गरिएको थियो, जब सो सूचना सार्वजनिक रूपमा सिक्किम सरकारी राजपत्रमा उपलब्ध गराइएको थियो;

अनि जबकि, उक्त सूचनाका प्रतिलिपिहरू सार्वजनिक रूपमा ३०.११.२०२४ मा उपलब्ध गराइएको थियो;

अनि जबकि, उक्त नियमावलीको मस्यौदासम्बन्धी कुनै पनि प्रभावित हुनसक्ने व्यक्तिबाट कुनै आपत्ति वा सुझाउ प्राप्त भएको छैन;

अब त्यसैले, राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन, २००५ को धारा ३२ को उपधारा (१) द्वारा राज्य सरकारलाई प्रदान गरिएको अधिकारलाई प्रयोग गर्दै, राज्य सरकारले निम्न नियमहरू बनाएको छ:-

अध्याय १
प्रारम्भिक

१. ***संक्षिप्त नाम, विस्तार र प्रारम्भः-*** *(१)* यी नियमहरूलाई "सिक्किम महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति योजना (बेरोजगारी भत्ता) नियमावली, २०२५" भनिनेछ।

(२) यी नियमावलीहरू सिक्किमका सबै ग्रामीण क्षेत्रहरूमा लागू हुनेछन्।

(३) यी नियमावलीहरू आधिकारिक राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछन्।

२. ***परिभाषाहरू;*** (१) यस नियमहरूमा प्रसंगअनुसार फरक अर्थ नलागेमा,-

(क) **"ऐन"** भन्नाले महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन, २००५ (केन्द्रीय ऐन संख्या, २००५ को ४२) लाई जनाउँछ;

(ख) **"ब्लक"** भन्नाले जिल्लाभित्र रहेको सामुदायिक विकास क्षेत्र जसमा ग्राम पञ्चायतहरूको समूह जनाउँछ;

(ग) **"केन्द्रीय नियमहरू"** भन्नाले ऐन अन्तर्गत भारत सरकारद्वारा बनाइएका नियमहरूलाई जनाउँछ;

(घ) **"जिल्ला कार्यक्रम संयोजक"** भन्नाले राज्य सरकारद्वारा उक्त जिल्लामा योजना कार्यान्वयनका लागि नियुक्त गरिएका अतिरिक्त जिल्लापाल (विकास) लाई जनाउँछ;

(ङ) **"कार्यक्रम अधिकारी"** भन्नाले ब्लक स्तरमा योजना कार्यान्वयनका लागि नियुक्त गरिएकाखण्ड विकास अधिकारी (ख.वि.अ.)लाई जनाउँछ;

(च) **"नियमहरू"** भन्नाले सिक्किम महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगारप्रत्याभूति योजना (बेरोजगारी भत्ता नियमावली),२०२४लाई जनाउँछ;

(छ) **"राज्य प्रकोष्ठ"** भन्नाले महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति ऐन, २००५ (केन्द्रीय ऐन २००५ को ४२) अनुसार सिक्किम सरकार द्वारा गठन गरिएको एनआरईजिए प्रकोष्ठलाई जनाउँछ;

(ज) **"अकुशल कामदारहरूको मजदूरी दर"** भन्नाले महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति योजनाअन्तर्गत कार्यरत अकुशल श्रमिकहरूको लागि समय-समयमा केन्द्रीय सरकारले निर्धारित गरेको दैनिक पारिश्रमिक दरलाई जनाउँछ।

२. यस नियमावलीमा प्रयोग भएका तर परिभाषित नभएका शब्द तथा अभिव्यक्तिहरूको अर्थ सम्बन्धित ऐनमा दिइएको अर्थ समान हुनेछ।

३. ***बेरोजगारी भत्ता प्राप्त गर्ने योग्यता-***

(१) योजना अन्तर्गत दर्ता भएको व्यक्ति जसले रोजगारीको लागि कार्यक्रम अधिकारीलाई निवेदन दिएको छ, उवित्तीय वर्षको पहिलो ३० (तीस) दिनसम्म अकुशल श्रमिकको मजदूरी दरको एक चौथाई दैनिक बेरोजगारी भत्ता पाउन योग्य हुनेछ र रहल वित्तीय वर्षका लागि कम्तीमा अकुशल श्रमिकको मजदूरी दरको आधा दैनिक बेरोजगारी भत्ता पाउनेछ:उल्लेख्य छ, रोजगारीको लागि आवेदन गर्ने व्यक्ति आवश्यक परेमा उक्त आवेदन (मौखिक वा लिखित) को प्राप्ति पेश गर्न सक्षम हुनुपर्नेछ जसमा आवेदन स्वीकृत गरेको मिति उल्लेख हुनेछ, जुन ऐनको तालिका १को प्रविष्टि ८ मा सूचीकृत कुनै पनि माध्यमबाट गरिएको हुनुपर्छ जसलाई ग्राम पञ्चायतमा दर्ता गरिनेछ र कम्प्युटर/प्रबन्धन सूचना प्रणालीमा पनि प्रविष्टि गरिनेछ।

(२) कुनै पनि आर्थिक वर्षमा घरपरिवारलाई बेरोजगारी भत्ता तिर्ने राज्य सरकारको दायित्व ऐनकोधारा ७ को उपधारा (३) मा उल्लेखित प्रावधानहरू अनुसार केही परिस्थितिमा अन्त्य हुनेछ।

(३) बेरोजगारी भत्ता प्राप्त गर्न अस्वीकृति सम्बन्धी अवस्थाहरूमा ऐनको धारा ९ मा व्यवस्था गरिएको प्रावधानहरूलाई अनुसरण गरिनेछ।

(४) कार्यक्रम अधिकारीले केवल अपरिहार्य कारणको आधारमा मात्र बेरोजगारी भत्ताको भुक्तानी अस्वीकृत गर्न सक्नेछन्।

४. ***बेरोजगारी भत्ता भुक्तानी प्रक्रिया.-*** (१) रोजगारी नपाएको र बेरोजगारी भत्ता माग गर्न योग्य व्यक्तिले, रोजगारीको लागि आवेदन दिएको मितिबाट पन्ध्रौं दिनपछिको भोलिपल्ट वा अग्रिम निवेदनको हकमा रोजगारी खोजिएको मितिबाट पन्ध्रौं दिनपछिको भोलिपल्ट, दुवैमध्ये जुन ढिलो पर्छ, कार्यक्रम अधिकारीलाई फारम नं. १ मा निवेदन दिनुपर्नेछ।

५.

(२) रोजगारीको लागि आवेदन दिँदा प्रदान गरिएको फारम संख्या २ मा भएको प्राप्ति प्रमाण/रसीदको प्रतिलिपि बेरोजगारी भत्ताको आवेदनसँग संलग्न गर्नुपर्नेछ।

(३) आवेदन प्राप्त भएपछि, कार्यक्रम अधिकारीले आवेदकले प्रस्तुत गरेको दाबीलाई पुष्टि गर्नेछन् र महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति योजनाको रोजगारी कार्ड दर्ता, रोजगारी दर्ता, व्यवस्थापन सूचना प्रणाली (एमआईएस) र मस्टर रोलहरूको पूर्णरूपमा पुनः सत्यापनगरी बेरोजगारी भत्ता दिनुपर्ने वास्तविक दिनहरूको सत्यापन गर्नेछन्। आवेदकले योजनाअन्तर्गत रोजगारीका लागि विधिपूर्वक आवेदन दिएको कुरामा यदि कार्यक्रम अधिकारी सन्तुष्ट हुन्छन् तर ऐनको धारा ७ को उप धारा (१) मा उल्लेख गरिएको निर्धारित समयसीमाभित्र रोजगारी उपलब्ध गराइएको थिएनर आवेदक बेरोजगारी भत्ता प्राप्त गर्न योग्य छ भन्ने प्रमाणित हुन्छ भने, उनले आवेदकलाई बेरोजगारी भत्ता उपलब्ध गराउने सम्बन्धमा दाबीको आधारमा आवश्यक आदेश जारी गर्न सक्नेछन्। बेरोजगारी भत्ता माग गर्ने आवेदकलाई तथा बेरोजगारी भत्ता भुक्तानीको कारण हुने दायित्व सिर्जना गर्न जिम्मेवारव्यक्ति/व्यक्तिहरूलाई उक्त आदेशबारे जानकारी गराइनेछ।

(४) भुक्तानीयोग्य बेरोजगारी भत्ता जिल्ला र ब्लक स्तर गरेर दुई तहमा वर्गीकृत गरिनेछ। बेरोजगारी जुन तहबाट उत्पन्न भएको हो त्यही सम्बन्धित तहबाट बेरोजगारी भत्ता भुक्तानी गरिनेछ। यसमा कुनै नगद भुक्तानीको अनुमति दिइनेछैन र जिल्ला कार्यक्रम संयोजक तथा कार्यक्रम अधिकारीले योजना कार्यान्वयनका लागि केन्द्र वा राज्य सरकारबाट प्राप्त रकमबाट बेरोजगारी भत्ताको भुक्तानी गर्ननसक्ने शर्त रहनेछ।

(५) यदि कार्यक्रम अधिकारीले बेरोजगारी भत्ताको माग अस्वीकृत गर्छन् भने, उनले अस्वीकृत गर्ने कारणहरू अभिलेखमा राख्नुपर्नेछ र सो बारेमा आवेदकलाई लिखितरूपमा जानकारी गराउनु पर्नेछ।

(६) कार्यक्रम अधिकारीले योग्य आवेदकहरूलाई बेरोजगारी भत्ता भुक्तानी गर्दा राज्य सरकारले निर्दिष्ट गरेको पद्धति अनुसार गर्नुपर्नेछ।

(७) कार्यक्रम अधिकारीले आफूले गरेको बेरोजगारी भत्ताको भुक्तानी सम्बन्धी मासिक विवरण दर्ता पुस्तिकामा तयार गरी जिल्ला कार्यक्रम संयोजकलाई पेश गर्नुपर्नेछ।

६. ***अपील-***

(१) कार्यक्रम अधिकारीको आदेशबाट पीड़ित भएको कुनै पनि व्यक्तिले उक्त आदेश प्राप्त भएको मितिदेखि ३० (तीस) दिनभित्र फारम नं. ३ मा लिखितरूपमा जिल्ला कार्यक्रम संयोजकसमक्ष अपील दर्ता गर्नसक्नेछर सो अपील जिल्ला कार्यक्रम संयोजकले संक्षिप्त अनुसन्धान गरी १५ (पन्ध्र) दिनभित्र निष्पादन गर्नुपर्नेछ।

(२) पुनरावेदन प्राधिकरणको आदेशअनुसार जो-कसैबाट गर्नु पर्ने भएमा हुने असुली कार्य कार्यक्रम अधिकारीले गर्नुपर्नेछ। स्थायी कर्मचारीको मामिलामा वेतनबाट र अनुबन्धित कर्मचारीको मामिलामा ज्यालाबाट कार्यक्रम अधिकारीले तोकेको दरमा पूर्णरूपमा वा मासिक किस्तामा असुली गरी राजस्व असुली प्रक्रिया आरम्भ गरेर सो रकम असुली गरिनेछ।

फारम संख्या.१

(नियम ४ को उप नियम (१) हेर्नुहोस)

बेरोजगारी भत्ताको लागि आवेदन

महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति योजना बेरोजगार भत्ता नियमहरू, २०२३

ग्राम पञ्चायतको नाम:

ब्लकको नाम **आवेदन संख्या...../वर्ष.....**

क्रम. सं.	**विशेष विवरण**	**विवरणहरू**
१.	नाम	
२.	ठेगाना	
३.	जब कार्ड संख्या	
४.	आधार संख्या.	
५.	खाता खोलिएको ब्याङ्कको नाम र खाता संख्या	
६.	वर्षभरि पाइएको रोजगारीको दिन संख्या	
७.	अकुशल श्रमको पारिश्रमिकस्वरूप ब्याङ्क खातामा प्राप्त रकम	
८.	रोजगारी माग गरिएको मिति	
९.	रोजगारी माग गरिएको दिनको संख्या	
१०.	माग गरिएको कामको लागि मिति भएको रसिद संलग्न गरिएको छ/छैन	हो/होइन
११.	यदि होइन भने, कारण उल्लेख गर्नुहोस्	
१२.	कार्यक्रम अधिकारीको निर्णय हस्ताक्षरसहित {नियम ४(३)} (प्रतिलिपि तयार पार्ने-एक प्रति निवेदकलाई दिइनेछ) *भत्ता प्रदान गरिएको भए, नियम ४(४) अनुसार सरकार वा व्यक्तिले तिर्नुपर्ने हो भन्ने उल्लेख गर्नुहोस्*	

स्थान:

मिति: **आवेदकको नाम अनि हस्ताक्षर**

फारम संख्या २

(नियम ४-को उपनियम (२) हेर्नुहोस्)

रोजगारीका लागि निवेदन प्राप्त भएको प्रमाण-रसीद

महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति योजनाबेरोजगारी नियम, २०२३ रोजगारीको लागि निवेदन प्राप्ति प्रमाण-रसिद

ग्राम पञ्चायतको नाम:

खण्डको नाम:

.....का/छोरा/की/बुहारीश्री/श्रीमती..... बाटकामका लागि प्राप्त निवेदन.....आवास (ठेगाना).....ग्राम पञ्चायत.....जसको जब काई संख्या हो.....(मिति/महिना/वर्ष).....

मिति:

ग्राम पञ्चायतको हस्ताक्षर

फारम संख्या. ३

(नियम ५ हेर्नुहोस्)

जिल्ला कार्यक्रम समन्वयकर्तासमक्ष अपील पेश गर्नको लागि निवेदन

महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार प्रत्याभूति योजना बेरोजगारी भत्ता नियमावली, २०२३

ग्राम पञ्चायतको नाम:

खण्डको नाम: **अपीलसं...../वर्ष.....अपील**

क्र.सं.	विवरणहरू	विस्तृत जानकारी
१.	नाम	
२.	ठेगाना	
३.	रोजगार कार्ड संख्या	
४.	बेरोजगारी भत्ताको लागि निवेदन दर्ता गरिएको मिति	
५.	निर्णयको प्रति संलग्न गरिएको छ/ छैन	
६.	अपील दर्ता गर्ने कारण/न्यायिक आधार	
७.	जिल्ला कार्यक्रम समन्वयकर्ताको निष्कर्ष	

स्थान:

मिति:

अधिकारीको

हस्ताक्षर

सिक्किम सरकार सि.स.प्रे.गा २९१/ कम्प्यूटर ०४ /१३ सं १४.०७.२०२५